# संविधानसभाको कार्यतालिका

(संविधानसभा नियमावली, २०६५ को नियम १४९ संग सम्बन्धित)

**संविधानसभाबाट पारित मिति :- २०६५/०८/०१**

**संविधानसभाबाट पहिलो पटक हेरफेर :- २०६५/०९/१४**

**संविधानसभाबाट दोस्रो पटक हेरफेर :- २०६५/०९/२२**

**संविधानसभाबाट तेस्रो पटक हेरफेर :- २०६५/१२/३१**

**संविधानसभाबाट चौंथो पटक हेरफेर :- २०६६।१।१६**

**संविधानसभाबाट पाचौं पटक हेरफेर :- २०६६।४।१**

**संविधानसभाबाट छैठौं पटक हेरफेर :- २०६६।५।२४**

**संविधानसभाबाट सातौं पटक हेरफेर :- २०६६।८।३**

**संविधानसभाबाट आठौं पटक हेरफेर :- २०६६।९।८**

**संविधानसभाबाट नवौं पटक हेरफेर :- २०६६।१०।१०**

**संविधानसभाबाट दशौं पटक हेरफेर :- २०६६।११।२५**

**यो कार्यतालिका संविधानसभाको पहिलो बैठक भएको मितिदेखि साढे ५ महिनाको समयावधिलाई कट्टा गरी २०६५ साल मार्ग १ गते बाट बाँकी रहेको साढे १८ महिना अर्थात ८२ हप्ताको अवधि भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण गरिएको छ।**

| क.सं | मुख्य गतिबिधि | कार्य अवधी | पूर्ण बैठकले सम्पन्न गर्ने | सम्बन्धित समितिले सम्पन्न गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संविधान सभाका उपाध्यक्षको निर्वाचन | २ हप्ता २०६५।८।१ देखि २०६५।८।१५ सम्म | पूर्ण बैठकबाट सम्पन्न हुने । | | संविधानसभा सचिवालयले संविधानसभा नियमावली मा निर्धारित संविधान निर्माणको प्रक्रियाबारे प्रचार प्रसार शुरु गर्ने, संविधान निर्माणमा राय सुझाव सहित सहभागी हुन नागरिक समाज र सम्पूर्ण जनतालाई आम सार्वजनिक संचारका माध्यमबाट आह्वान र अनुरोध गर्ने । साथै नागरिक समाज र विषेषज्ञ समुदायबाट भावी संविधानको अवधारणा र विषयवस्तुका सम्बन्धमा वहस र अन्तरक्रियाको प्रक्रियालाई संविधान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सभाको कार्यतालिकासंग आवद्ध हुने गरी मुलुकभर कार्यक्रम संचालन गरिदिन आह्वान गर्ने । | |
| २. | संविधान सभाका समितिहरुको गठन, | २०६५ मंसिर मसान्त सम्म | संविधानसभाका समितिहरुको गठन पूर्ण बैठकबाट मार्ग महिना भित्रै गर्ने ।<br><br>कार्य व्यवस्था परामर्श समितिले विशेषज्ञहरुको ल्भभम ब्लबथिकष्क गर्ने । | सबै समितिले सभापतिको निर्वाचन गर्ने ।<br><br>सबै समितिहरुले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर आवश्यक जनशक्ति र विशेषज्ञको आवश्यकता पहिचान गरी गर्नु पर्ने काम सहितको विवरण कार्यव्यवस्था समितिमा पेश गर्ने । | संविधानसभा सचिवालयले सबै समितिको लागि अलगअलग सचिवालयको व्यवस्था गरी जनशक्ति लगायत भौतिक साधन र स्रोतको व्यवस्था मिलाउने विशेषज्ञको सम्बन्धमा सचिवालयले आफ्नो दृष्टिकोण कार्यव्यवस्था समितिमा पेश गर्ने । | यसै अवधिमा व्यवस्थापिका-संसद अन्तर्गतका समितिहरुको गठन पनि गर्न सकिन्छ । |
| ३. | क) प्रत्येक समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषय र सो अन्तर्गत सञ्चालन हुने गतिविधि सहितको कार्यतालिका निर्माण गर्ने ।<br><br>ख) सबै समितिको कार्यतालिका लाई अन्तिम रुप दिने ।<br>ग) समितिका सभापतिको निर्वाचन ♣<br><br>घ) संविधान निर्माण कार्यमा आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी सो को विस्तृत विवरण (त्इच) बनाउने । ♣ | २ हप्ता २०६५।९।१ देखि २०६५।९।१५ सम्म<br><br>२०६५ पौष मसान्त सम्म[Ψ] | समितिहरुले तयार गरेको सबै समितिहरु को कार्यतालिका अध्यक्ष समक्ष पेश गर्ने र अध्यक्षले सबै समितिहरुका सभापतिको बैठक आयोजना गरी सो माथि छलफल गर्ने र कार्यतालिका लाई अन्तिम रुप दिने ।<br><br>समितिहरुको माग का आधारमा विशेषज्ञहरुले गर्नुपर्ने कामको विवरण ( | सबै समितिले संविधानसभाको कार्यतालिकाको आधारमा यो कार्य सम्पन्न गर्ने<br>पारित नियमावली बमोजिमको संविधान निर्माण प्रक्रियाको सम्बन्धमा नागरिक सम्बन्ध समितिले आम नागरिकलाई जानकारी गराउने किसिमका कार्यक्रम तयार गरी सञ्चालनको शुरुवात गर्ने । | | संविधान सभा सचिवालयले संविधान निर्माण कार्यमा संलग्न हुने जनशक्तिको व्यवस्थापन गरी उनीहरुलाई प्रारम्भिक प्रशिक्षण प्रारम्भ गर्ने । |

♣ संविधानसभाको मिति २०६५।९।१४ को बैठकबाट कार्यतालिकामा हेरफेर भई थप

Ψ संविधानसभाको मिति २०६५।९।१४ र मिति २०६५।९।२२ को बैठकबाट कार्यतालिकामा हेरफेर भई परिवर्तन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | त्इच) लाई अन्तिम रुप प्रदान गर्ने ।♣ | | | |
| ४. | (क) नयाँ संविधानको अवधारणाको सम्बन्धमा व्यापक छलफल, विचार विमर्श गर्ने, नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट राय सुझाव लिने ।<br>(ख)) नागरिक शिक्षा, तालिम तथा अभिमुखिकरण कार्यक्रमको शुरुवात गर्ने । | ९ हप्ता २०६५।९।१५ देखि २०६५।११।१५ सम्म | | यो कार्य विशेषतः विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर गर्ने ।<br><br>यो कार्यमा सबै विषयगत समितिहरुलाई प्रक्रियागत समितिहरु, नेपाल सरकार, संवैधानिक अंगहरु, नागरिक समाज, पत्रकार, बुद्धिजिवी, संघ संस्थाहरु लगायत आम नागरिकले सहयोग गर्ने । | दक्षता अभिबृद्धि समितिले सदस्यहरुलाई आवश्यक श्रोत सामग्रीको संकलन गरी वितरण गर्ने । आवश्यकताअनुसार गोष्ठी र अन्तर्क्रियाको आयोजना गर्ने ।<br><br>अवधारणाको सम्बन्धमा संविधानसभा, यसका समितिलाई सुझाव दिनको लागि संविधान सभा सचिवालयले अभियानको रुपमा सबै प्रकारका सञ्चारका साधनबाट स्वदेश र विदेशमा रहेका सबै नेपालीहरुलाई व्यापक आव्हान गर्ने, पर्चा, पोष्टर र स्टीकर छपाई वितरण गर्ने । यो कार्यमा जनमत संकलन र समन्वय समितिले विशेष अग्रसरता लिने । | संविधानसभा सचिवालयले संविधान सभा र यसका सबै समितिको गतिविधि हरुको अभिलेखिकरण गर्ने कार्य शुरु गरि निरन्तरता दिने ।<br><br>संविधानको धारा ५१ बमोजिम आव्हान भएको व्यवस्थापिका-संसदको चौथो अधिवेशन पौष मसान्तसम्ममा अन्त हुन्छ ।♣ |
| ५. | अवधारणा पत्रको आधारमा विषयगत समितिहरुले संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने । | १२ हप्ता २०६५ साल फागुन १५ देखि र २०६६ साल जेष्ठ ८ | | विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर प्रारम्भिक मस्यौदा तयार गरी संविधानसभामा♣ पेश गर्ने । | नागरिक सम्बन्ध समिति र दक्षता अभिबृद्धि समितिले आफ्नो कार्य जारी राख्ने ।<br><br>यी समितिहरुले जनता लाई संविधान निर्माण प्रक्रियामा सहभागि गराउन | संविधानको धारा ५१ बमोजिम व्यवस्थापिका-संसदको पाचौं अधिवेशन यसै अवधिमा आव्हान हुने© |

© संविधानसभाको मिति २०६५।१२।३१ र २०६६।१।१६ को बैठकबाट कार्यतालिकामा हेरफेर भई परिवर्तन

♠ संविधानसभाको मिति २०६६।१।१६ को बैठकबाट कार्यतालिकामा चौथो पटक हेरफेर भई परिवर्तन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गतेसम्म ।♠ | | | सहजकर्ताको भुमिका निर्वाह गर्ने । | |
| ६. | (क) विषयगत समितिहरुले तयार पारेको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा संविधानसभा मा पेश गरी छलफल गरिने ।<br>(ख) सुझाव र निर्देशन सहित सबै प्रतिवेदन एकै पटक वा अलग अलग पारित गरी संवैधानिक समितिमा पठाउने ।<br>**(ग) संवैधानिक समितिले सभाले दिएको सुझाव र विषयगत समितिबाट पेश भएका मस्यौदालाई एकिकृत गरी नया संविधानको पहिलो मस्यौदा तयार गर्ने ।**<br>**(घ) संवैधानिक समितिले तयार गरेको संविधानको पहिलो मस्यौदा पूर्ण बैठकमा पेश गर्ने र सैद्धान्तिक छलफल गर्ने ।**<br>**ङ) संविधानको पहिलो मस्यौदा लाई अन्तिम रुप दिई जनताको राय प्रतिक्रियाको** | **५४ हप्ता** २०६६ साल जेठ ९ गते देखि २०६७ साल जेष्ठ १४ गते सम्म[π]<br>" "<br>" "<br>" " | सबै समिति को अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन क्रमशं पूर्ण बैठकमा पेश गर्ने, छलफल गर्ने कुनै सुझाव भए सुझाव सहित पारित गरेर संवैधानिक समितिमा पठाउने ।<br>पूर्ण बैठकमा दलीय आधारमा सैद्धान्तिक♠ छलफल गरी कुनै विषय परिमार्जन गर्नु पर्ने भए संवैधानिक समितिलाई सुझाव दिने । | सबै समितिको सचिवालयले आ आफनो प्रतिवेदनमाथि संविधानसभामा भएको छलफलमा उठेका विषयको बुदा टिपोट गर्ने ।<br>संबैधानिक समितिको जिम्मेवारी । यो कार्य गोप्य रुपमा सम्पन्न हुने ।<br>पूर्ण बैठकमा भएको छलफल र सुझावका आधारमा संवैधानिक समितिले पहिलो मस्यौदा लाई अन्तिम रुप दिने । | माथि बुंदा नं. ५ मा निर्धारित समयावधि भित्र अवधारणा पत्र र प्रारम्भिक मस्यौदाको तयारी गर्ने कार्य सम्पन्न गर्न नसकेका समितिहरुले तदारुकताकासाथ कार्य सम्पन्न गरी प्रतिवेदन सभामा पेश गर्ने **Ω**<br>संविधानसभाले कुनै समितिको प्रतिवेदन पारित गरी पठाएको अवस्थामा संवैधानिक समितिले मस्यौदा एकिकरणको कार्य यसै अवधिदेखि प्रारम्भ गर्न सक्ने । | प्रत्येक समितिको प्रतिवेदनलाई पूर्ण बैठकमा छलफलको लागि ५ दिनको समय दिने र दलीय आधारमा छलफल गर्ने ।<br>संविधानको धारा ५१ बमोजिम व्यवस्थापिका-संसदको छैठौं र **सातौं अधिवेशन** यसै अवधिमा आब्हान हुने♠ |

**Ω** संविधानसभाको मिति २०६६।४।१ को बैठकबाट कार्यतालिकामा पाचौं पटक हेरफेर भई परिवर्तन

♠ संविधानसभाको मिति २०६६।५।२४ को बैठकबाट कार्यतालिकामा छैठौं पटक हेरफेर भई परिवर्तन

[π] संविधानसभाको मिति २०६६।११।२५ को बैठकबाट कार्यतालिकामा दशौं पटक हेरफेर भई परिवर्तन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने ।**<br>**च) जनमत संकलन र समन्वय समितिले संविधानको पहिलो मस्यौदा माथि जनताको राय सुझाव लिने कार्ययोजना तयार गर्ने ।**<br>**छ)संविधानको पहिलो मस्यौदा माथि व्यापक सुनुवाई, गोष्ठि, अन्तक्रिया गराउने ।**<br>**ज) जुनसुकै माध्यमबाट आएका सुझाव ग्रहण गर्ने ।**<br>**झ) मा. सदस्यहरु आ-आफ्नो जिल्ला, क्षेत्र र मुलुकका विभिन्न भागमा जाने र जनताका राय सुझाव लिने ।**<br>**ञ) जनताको राय सुझाव सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने**<br>**ट) जनताको सुझाव सम्बन्धी प्रतिवेदनमाथि पूर्ण बैठकमा छलफल**<br>**ठ) संविधानको पहिलो मस्यौदा जनताको राय बमोजिम परिमार्जन गरी संविधानको विधेयक सभामा पेश गर्ने ।**<br>**ड) संविधानको विधेयकको प्रति सबै सदस्यलाई वितरण गर्ने ।**<br>**ढ) अन्तरिम संविधान र संविधानसभा नियमावली बमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल ।** | ” ”<br>” ”<br>” ”<br>” ”<br>” ”<br>” ”<br>” ”<br>” ”<br>” ” | पूर्ण बैठकमा दलीय आधार मा छलफल गरी संविधानको पहिलो मस्यौदा मा समावेश गर्ने विषयहरुको सम्बन्धमा संवैधानिक समितिलाई सुझाव सहित निर्देशन दिने ।<br>सभामा विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने ।<br>सभामा विस्तृत छलफल हुने ।<br>सभाबाट पारित हुने । | यो कार्य विशेषत जनमत संकलन र समन्वय समितिकृ कार्ययोजना अनुरुप हुने ।<br>संविधानसभाका सबै समिति, सदस्यहरु र कर्मचारीहरु संलग्न रहने ।<br>जनमत संकलन तथा समन्वय समितिले प्रतिवेदन तयार गर्ने ।<br>पूर्ण बैठकमा भएको छलफल र सुझावका आधारमा संवैधानिक समितिले पहिलो मस्यौदामा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने । यो कार्य गोप्य रुपमा सम्पन्न हुने । | संविधानसभाको अतिरिक्त नेपाल सरकार, नागरिक समाज, संघ संस्थाहरु समेत यो कार्यमा क्रियाशिल रहने ।<br>यस कार्य मा सभाका सबै समितिले सहयोग गर्ने ।<br>सभामा दफावार छलफलको क्रममा सर्व सम्मति हुन नसकेका विषयहरुमा अन्तरिम संविधान बमोजिम सबै संसदीय दलका नेताहरु बसेर टुंगो लगाउने कार्य समेत समानान्तर रुपमा हुदै जाने । | जनमत संकलन र समन्वय समितिको सचिवालयले जनताबाट आएका सुझावको अभिलेखीकरण गर्ने कार्य प्रारम्भ गरी निरन्तरता दिने । सम्भव भए सबै सुझाव मा समितिको भनाई राखेर Individually Response गरिने छ । यो कार्यमा विशेषज्ञको सहयोग लिन सकिने ।<br>संविधानसभा सचिवालयको विधेयक शाखाले संशोधन सम्बन्धी विवरण तयार गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ण) विधेयकमाथि माननीय सदस्यहरुलाई संशोधन राख्ने म्याद । | ” ” | | | | |
| | त) संशोधन सहित विधेयक माथि को दफावार छलफल सभामा गर्ने । प्रत्येक धारा उपधारामा निर्णय गर्दै जाने | ” ” | | | | |
| | थ) नयाँ संविधानको प्रस्तावना सहित सम्पूर्ण भाग सभाबाट पारित गरिने । | ” ” | | | | |
| | ध) पारित संविधानको प्रमाणिकरण प्रति तयार गरी सदस्यहरुले हस्ताक्षर गर्ने । | ” ” | | | | |
| | द) अध्यक्षले प्रमाणिकरण गर्ने । | ” ” | | | | |
| | न) संविधानसभाले औपचारिक राष्ट्रिय समारोहको आयोजना गरी अध्यक्षले पारित संविधान राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले सोही समारोहबाट नेपाली जनता समक्ष संविधान सार्वजनिक गरी संविधान लागू भएको घोषणा गर्ने | ” ” | | | | |